नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

**बबरमहल, काठमाडौं**

## मितिः २०८१।०५।२६

## प्रेस नोट

खाद्य प्रविधि तथा गुण नियमन्त्रण विभागले २ वटा अनुगमन टोली दैनिक रुपमा खटाइ काटमाण्डौ उपत्यका भित्र खाद्य वस्तुको वजार अनुगमन जारी राखेको छ ।

वेकरी सर्टनिङ लाइ शुद्ध घ्यू भनि प्यकिङ गरि विक्रिवितरण गरिरहेको भन्ने उपभोक्ता गुनासो विभागमा प्राप्त भइ सो लाइ सम्वोधन गर्न अनुगमन निरिक्षण टोली खटाइएको छ । यसै सिलसिलामा आज मिति २०८१/०५/२६ दिन ललितपुर जिल्ला गोदावरी न.पा.-११, नबुचा स्थित प्रशंसा कलेक्शन एण्ड रिफाईन नामको खाद्य उद्योग अनुगमन निरीक्षण गर्ने क्रममा वनस्पति घ्युलाई खियालागेको ड्रममा तताएर राधेकृष्ण ब्राण्डमा जुजुघ्यू र अर्चना ब्राण्डमा शुद्ध घ्यूको नाममा १ लि., १/२ लि., १५० ग्रामको डब्बामा प्याक गरेर नक्कली घ्यू विक्री वितरण गर्ने गरेको पाईएको, उत्पादन स्थल फोहोर रहेको तथा घ्यू, वनस्पति घ्यू प्रसोधन/उत्पादन/प्याकिंग गर्नको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट अनुमतिपत्र समेत लिएको नदेखीएकोले, १/२ लिटरको जूजु घ्यू लेखिएको वनस्पती घ्यू ७२ डब्बा, १५० ग्रामको शुद्ध घ्यू लेखिएको बनश्पति घ्यू १०० डब्बा र उक्त नक्कली घ्यू तयार गर्न राखीएको ८० लिटर वनस्पती घ्यू स्थानीय जनप्रतिनिधिको रोहवरमा प्रशोधन कक्षमा राखी शिलबन्दि गरी उत्पादन रोक्का राखेको छ ।

यसैगरी विभागको अनुगमन टोलीले सम्येक बेकरी सटिङ्ग घ्यू प्याकेजिग उद्योग वडा नं २७ ललितपुर ,विन्दवासिनी आयल इन्ड्सट्रिज प्रा.ली., सुनाकोठी-१, ललितपुर, नन्दबाबा डेरी उद्योग, महालक्ष्मी न.पा.-०१., ललितपुर र राज फुड प्रोडक्ट्स ललितपुर-२५ स्थित खाद्य उद्योगहरुको अनुगमन निरीक्षण गरि खाद्य स्वच्छता कायम गर्न आवश्यक निर्देशन दिनुको साथै गुणस्तर परिक्षणको लागि नमुना संकलन कार्य समेत गरेको छ ।

यस्ता निषेधित कार्यहरु नगर्न नगराउनुहुन संपुर्ण उद्योगी व्यवसायीहरुलाई जानकारी गराइन्छ । अन्यथा खाद्य स्वच्छता गुणस्तर ऐन २०८१, वमोजिक कारवाही हुने सुचित गरिन्छ ।

सिलवन्दी गरिएको उद्योगको फोटोहरुः






Radhekrishna
PAN No.
Batch No.
MRP :
JuJu Ghee
आरचना


FRESH